# जलेश्वर नगरपालिका

## बालबालिका कोष सञ्चालन कार्यविधि, जलेश्वर २०७७

**कार्यपालिकावाट स्वीकृत मिति २०७७/०५/०७ गते**

**प्रमाणिकरण मिति २०७७/०५/३० गते**

जलेश्वर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी
प्रदेश नं., २ नेपाल

प्रमुख प्रशासकीय अधिकृत

जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर, महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
२०७३

## "बालबालिका कोष सञ्चालन कार्यविधि, जलेश्वर २०७७"

**प्रस्तावना :**

बालबालिकाहरुलाई शारीरिक, मानसिक अपरिपक्ताको कारणले उचित संरक्षणको खाँचो पर्छ । वर्तमान सन्दर्भमा जलेश्वर नगरपालिकामा अशिक्षा, गरिबी, दैवी विपत्ति, पारिवारिक दुर्घटना, परम्परागत संस्कार, पारिवारिक विग्रह, बालबालिका विरुद्ध बढीरहेका हिंसा, भेदभाव, लैङ्गिक विभेद, चरम शोषण, दुर्व्यवहार, बालबालिका ओसारपसार र बालश्रम लगायतका बढ्दो घटनाक्रमले धेरै बालबालिकाले बाल संरक्षणको अधिकार प्राप्त गर्न सकेका छैनन् । बालबालिकाको जोखिम न्यूनिकरण तथा उद्धार प्रक्रियालाई सहज बनाउनका लागि नेपाल सरकारले बालबालिका सम्बन्धी ऐन २०७५, आपतकालिन बाल उद्धार कोष ( संचालन) नियमावली २०६७ लागु गरिसकेको अवस्थामा जलेश्वर नगरपालिकाले आफ्नो पालिका भित्र जोखिम अवस्थामा रहेका वा रहन सक्ने बालबालिकालाई तत्काल उद्धार गरि बाल अधिकारको संरक्षण, सम्वर्द्धन र सम्मानको लागि आवश्यक व्यवस्था गर्न जलेश्वर नगर कार्यपालिकाको मिति २०७७/०५/०८को बैंठकले बाल आपतकालिन संचालन कोष स्थापना गरी सञ्चालन गर्ने निर्णय गरे अनुसार जलेश्वर नगरपालिकाले बाल आपतकालिन संचालन कोष निर्देशिका २०७७ स्वीकृत गरी लागू गरेको छ । यसले जलेश्वर नगरपालिकालाई बालमैत्री नगरपालिकामा रुपान्तरण गर्ने अभियानमा समेत थप योगदान पुग्नेछ ।

जलेश्वर नगरपालिका भित्रका अति विपन्न, असहाय, आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरूको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुनर्स्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्वर्द्धन गर्नका लागि वाञ्छनीय देखिएकोले बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम जलेश्वर नगरपालिकाको कार्यपालिकाद्वारा **बालबालिका कोष सञ्चालन कार्यविधि २०७७** स्वीकृत गरी लागू गरिएको छ ।

### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम **"बालबालिका कोष सञ्चालन कार्यविधि, जलेश्वर २०७७"** हुनेछ ।
**(ख)** यो कार्य विधि नगरकार्यपालिकावाट स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
क) "नगरपालिका" भन्नाले जलेश्वर नगरपालिका सम्झनु पर्दछ ।
ख) "नगर कार्यपालिका" भन्नाले जलेश्वर नगरपालिकाको नगर कार्यपालिका भन्ने सम्झनु पर्दछ ।
ग) "मेयर" भन्नाले जलेश्वर नगरपालिकाको मेयर सम्झनु पर्दछ ।
घ) "उप मेयर" भन्नाले जलेश्वर नगरपालिकाको उप मेयर सम्झनु पर्दछ ।
ङ) "न्यायिक समिति संयोजक" भन्नाले जलेश्वर नगरपालिकाको न्यायिक समितिको संयोजक सम्झनु पर्दछ ।
च) "वडा कार्यालय" भन्नाले जलेश्वर नगरपालिका अन्तर्गतका वडा कार्यालय सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

छ) "कोष" भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको नगरपालिकास्तरीय बालबालिका कोष सम्झनु पर्दछ ।

ज) "अति विपन्न, असहाय, आपतकालिन एवम् जोखिम अवस्थामा रहेका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले कार्यविधिको दफा १३ मा उल्लेखित बालबालिका सम्झनु पर्दछ ।

झ) "सञ्चालक समिति" भन्नाले कार्यविधिको दफा ७ (ख) मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

ञ) "बाल अधिकार समिति" भन्नाले जलेश्वर नगरपालिकाको बाल अधिकार समिति सम्झनु पर्दछ ।

ट) "वडा बाल संरक्षण समिति" भन्नाले जलेश्वर नगरपालिकाको वडाहरुमा गठन भएका बाल संरक्षण समिति सम्झनु पर्दछ ।

ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जलेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ड) "लेखा प्रमुख" भन्नाले जलेश्वर नगरपालिकाको लेखा प्रमुख सम्झनु पर्दछ ।

ढ) "बाल अधिकार समिति" भन्नाले जलेश्वर नगर स्तरिय बाल अधिकार समितिलाई सम्झनु पर्दछ ।

ण) "वडा बाल संरक्षण समिति" भन्नाले जलेश्वर नगरपालिकाको वडामा गठन भएको वडा बाल संरक्षण समितिलाई सम्झनु पर्दछ ।

**३) कोषको उद्देश्य :**

१) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको उद्दार गर्ने,
२) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाहरूलाई राहत उपलब्ध गराउने,
३) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकालाई पारिवारिक पुनर्स्थापना गर्ने,
४) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,
५) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको बाल अधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,
६) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको तथ्यांक अद्यावति गर्ने गराउने

**४) कोषको स्थापना :**

१) जलेश्वर नगरपालिकाले अति विपन्न, असहाय, जोखिम वा आपतकालिन अवस्थामा रहेका नगरपालिका भित्रका बालबालिकाको संरक्षण एवम् सहयोग गर्न नगरपालिकाले यस बालबालिका कोषको स्थापना गरेको छ ।

२) दफा ४ को उपदफा अनुसारको कोषमा नगरपालिकाले पहिलो पटक वा पटक पटक गरी लक्षित वर्ग आर्यमूलक कार्य अर्न्तगत बालबालिका कोषका लागि विनियोजित रकमबाट रु. १० (दश) लाख र अन्य स्रोतबाट प्राप्त रकम नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गको बाणिज्य वैंकमा मुद्दती खातामा जम्मा गरिनेछ । यसरी जम्मा गरेको रकम मध्ये रु. १० लाखको वार्षिक रुपमा प्राप्त हुने व्याज बापतको रकम मात्रै बालबालिकाको हितमा प्रयोग गरिनेछ । सो बाहेकको अन्य रकमको हकमा दफा ५ (ख) मा उल्लेखित समितिको निर्णय वा सिफारिसमा जुनसुकै समयमा बालबालिकाको

प्रमुख प्रशासकीय अधिकृत

हितमा प्रयोग गर्न सकिनेछ । त्यसका लागि नेपाल सरकारबाट मान्यता प्राप्त “क” वर्गको वाणिज्य वैंकमा बचत खातामा रकम जम्मा गरिनेछ ।

जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर, महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
२०७३

३) कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) नगर बाल अधिकार समितिले अन्य स्रोत पहिचान र परिचालनबाट प्राप्त रकम

(घ) अन्यकुनै स्रोतबाट प्राप्त रकम ।

४) बालबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत रही नगरपालिका संग सहकार्य गर्न चाहने सरकारी तथा गैर सरकारी संघ/संस्थाहरुले इच्छाएको रकम कोषमा जम्मा गर्न सक्ने छन् ।

५) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई राहत दिन, स्वास्थ्योपचार गर्न तथा पुनर्स्थापना गर्न

(ग) समितिबाट स्वीकृत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि कार्यक्रम सञ्चालन गर्न,

(घ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न,

(ङ) बालबालिकाको हकहित सम्बन्धमा समितिले तोके बमोजिमको अन्य जोखिम न्यूनिकरणका कार्य गर्न र गराउन ।

**५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम दफा ४ को उपदफा ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

**६. कार्यान्वयन गर्ने समिति र कोषको परिचालन:**

(१) कोषको सञ्चालन तथा खर्च व्यवस्थापन र कार्यान्वयन गर्ने काम कोष संचालक समितिले नगर बालअधिकार समिति तथा वडा कार्यालय वा वडा बाल संरक्षण समितिको सिफारिस वा प्रत्यक्ष प्राप्त निवेदन माथि छलफल तथा निर्णय गरि संचालन गर्ने छ ।

**७) सञ्चालक समितिको गठन :**

**क) परिभाषा:** अति जोखिममा परेका बालबालिकाका लागि सहयोग कार्यक्रम जलेश्वर नगरपालिका अर्न्तगर्त रहेका बाबु र आमा दुवै नभएका बाबु र आमामध्ये एक जना नभएका बुबा र आमा दुवै अति गरिबीको अवस्थामा रहेका वा आफ्नो घरबास जग्गा जमिन नभएका, अत्यन्त न्यून आय भएका बाबु र आमा भएपनि अशक्त वा अपाङ्गता भएका र यसका कारणले आय आर्जन गर्न सक्ने क्षमता नभएका दलित तथा सिमान्तकृत बालबालिकालाई सहयोग,व्यबस्थापन र नियमन गर्न जलेश्वर नगरपालिकाद्धारा ५ सदस्यीय एउटा अधिकार सम्पन्न बालबालिका कोष सन्चालक समिति गठन हुनेछ यसले जलेश्वर नगरपालिका भित्र विशेष संरक्षणको आवश्यक्ता रहेका बालबालिकाको सुरक्षा, संरक्षण र व्यवस्थापनमा जलेश्वर नगरपालिकाको आधिकारिक निकायको रुपमा कार्य गर्नेछ ।

**ख) समिति:** कोषको व्यवस्थापन, सन्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको ५ सदस्यीय सन्चालक समिति नगरपालिका तहमा रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

क) नगरपालिकाका मेयर - संयोजक
ख) नगरपालिका न्यायिक समितिको संयोजक वा उपमेयर - सदस्य
ग) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य
घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
ङ) सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

जलेश्वर नगरपालिका नगर कार्यपालिका को कार्यालय जलेश्वर महोत्तरी जिल्ला २ नं. प्रदेश, नेपाल २०७३

**८) समितिको काम, कर्तव्य र अधिकार कर्तव्य र अधिकार:**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,
(ख) कुनै बालबालिका जोखिम अवस्था वा विशेष संरक्षणको आवश्यकता भए वा नभएको निर्धारण गर्ने,
(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,
(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,
(ङ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने/गराउने,
(च) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,
(छ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,
(ज) कोष वृद्धिको लागि स्रोतको परिचालन गर्ने ,
(ट) समितिले नगर बाल अधिकार समिति र वडा बाल संरक्षण समितिको समन्वय र सहकार्यमा काम गर्ने गराउने ।

**९) सञ्चालक समितिले गर्न नहुने कामहरू :** सञ्चालक समितिले देहायका काम गर्न गराउन हुँदैन ।
क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,
ख) आपतकालिन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्य बाहेक अन्य कार्य र कार्यक्रममा कोषको रकम खर्च गर्न ।

**१०. सञ्चालक समितिको बैंठक :**
क) सञ्चालक समितिको बैंठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यक्ता अनुसार बस्नेछ ।
ख) सञ्चालक समितिको बैंठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालक समितिको सदस्य उपमेयरले गर्नेछ ।
ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।
घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावदिक राख्नेछ ।
ङ) सञ्चालक समितिको सम्पर्क स्थान नगर कार्यपालिकाले तोकेको स्थानमा रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

११. **बालबालिकाको उद्धार तथा पुर्नस्थापना** : जोखिममा रहेका बालबालिकालाई तुरुन्त उद्धार गरी समितिले अल्पकालिन व्यवस्था मिलाउन सक्नेछ । यसरी संरक्षणको व्यवस्था मिलाइएका बालबालिकालाई वढीमा एक महिना भित्र स्थायी पुर्नस्थापनाको व्यवस्था गरी सक्नु पर्नेछ । यदि कुनै विशेष कारणवस एक महिना भित्रमा स्थायी पुर्नस्थापना व्यवस्था मिलाउन नसकिएको अवस्थामा समितिले मनासिव देखेमा वढीमा एक महिनासम्म थप गर्न सक्नेछ । यसरी उद्धार तथा पुनःस्थापना गर्ने सिलसिलामा समितिले कोषको रकमबाट दफा १२ मा उल्लिखित मापदण्ड अनुसार खर्च गर्ने व्यवस्था मिलाउने छ ।

१२. **खर्चका मापदण्डः** कोषबाट समितिले जोखिममा परेका बालकालिकालाई दफा ११ अनुसार अल्पकालिन अवधिका लागि संरक्षणमा राखिएको अवस्थामा निम्न प्रयोजनमा निम्नानुसार खर्च गर्ने व्यवस्था मिलाउने छ ।

(क) खानेकुरा : बालबालिकालाई अल्पकालिन संरक्षणमा बसेको अवधि भरी खाने कुराको लागि दैनिक रु ३००।-

(ख) लुगाफाटो : बालबालिकालाई लुगाफाटो नभएको वा उपयुक्त नभएको अवस्था भएमा लुगाफाटो किन्न एक पटकका लागि पढीमा रु. ३०००।- सम्म ।

(ग) सम्प्रेषण : बालबालिकाहरुको पुनःस्थापनाको लागि घर पठाउँदा वा परिवारमा पुनःस्थापनाको सम्भावना नभई बालगृह वा अन्यत्र पठाउँदा संरक्षक समेतको मितव्ययी सवारी साधन प्रयोग गर्नु पर्ने छ । उक्त सवारी साधनको भाडा र एकदिन पुगिनेमा खाना र खाजा खर्च बापत प्रतिव्यक्ति रु ५००।- र वास वस्नु पर्ने भएमा बस्ने खाने खर्च वापत प्रतिव्यक्ति रु दैनिक रु १०००।-

(घ) औषधी उपचार : बालबालिकालाई कुनै चोटपटक लागेको अवस्थामा समितिले तोकेको वा सरकारी अस्पतालमा उपचार गराउँदा (विरामी तथा कुरुवाको समेत जोडेर) निम्नानुसारको मापदण्ड प्रयोग गरीनेछ ।

१) जिल्ला वाहिरका अस्पतालमा बसी उपचार गराउँदा दोहोरो यातायात खर्च र स्वास्थ्य परिक्षण तथा औषधी खर्च वापत रु ३०००।-

२) अस्पतालमै भर्ना भई उपचार गराउँदाको अवस्थामा दोहोरो यातायात खर्च स्वास्थ्य परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्च वापत विरामी र एक जना कुरुवाको लागि प्रतिव्यक्ति प्रतिदिन रु १०००।-, सार्वजनिक सवारी यातायातका मितब्ययी साधन प्रयोग गर्नु पर्नेछ रिर्जभ गर्न पाइने छैन ।

(ङ). जीविकोपार्जन टेवा : वेवारिसे अलपत्र अवस्थामा फेला परेको, वा अभिभावक वा आमावावु नभएका असहाय तथा अनाथ, बालबालिकालाई परिवार भित्रका नातेदार (जस्तैः काका, काकी, फुपु, सानीआमा, मामा-माईज्यु) ले आफ्नो आर्थिक अवस्था नाजुक हुँदाहुदै पनि आफ्नो संरक्षणमा राख्न चाहेमा वा मन्जुर गरेमा उनीहरुको जीविकोपार्जनमा मद्दत पुर्‍याउनको लागि समितिबाट निर्णय गरी वढीमा रु. ३० हजारसम्म एकमुष्ट अनुदान उपलब्ध गराउन सकिनेछ तर त्यसरी अनुदान प्राप्त गर्ने व्यक्ति वा परिवारले सो रकमबाट कुनै व्यवसाय संचालन गरी आफ्नो संरक्षणमा राखेको बालबालिकालाई खाने बस्ने व्यवस्था सहित उसको उमेर, आर्थिक अवस्था र क्षमता अनुसार शिक्षा-दिक्षाको प्रवन्ध मिलाउन चित्त

प्रमुख प्रशासकीय अधिकृत

बुझ्दो लिखित प्रतिवद्धता समितिमा पेश गर्नु पर्छ सो अनुसार भए नभएको बारे समितिबाट निरन्तर अनुगमन हुनेछ ।

(च) विषेश निर्णय गर्न सक्ने : यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अपाङ्गता भएका, एच.आई.भि.संक्रमित, वा अन्य कुनै दीर्घ वा कडारोग लागेका आदी विशेष अवस्थाको जोखिममा परेका बालबालिकाको हकमा उद्धार, पुर्नस्थापना र पारिवारिक पुर्नमिलनका लागि समितिले औचित्य हेरी कोषको अवस्था अनुसार विशेष व्यवस्था गर्न सक्नेछ ।

**१३. अति विपन्न, असहाय, आपतकालिन एवम् जोखिम अवस्था वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका अर्न्तगत देहायका बालबालिका पर्दछन् :**

१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,
२) यौनशोषण, यौन दूर्व्यबहार, बेचविखन वा ओसार पसारमा परेका,
३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुरव्यवहारबाट पीडित,
४) अपांगतामा भएका,
५) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,
६) हिंसाबाट प्रभावित एवं पीडित भएका,
७) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,
८) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पीडित भएका,
९) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे भएका,
१०) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका,
११) सुस्तमनस्थिति भएका बालबालिका,
१२) अपहरण वा शरीर बन्धकमा परेका,
१३) सडक बालबालिका,
१४) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,
१५) बालबालिका नै परिवारको अभिभावक भएका बालबालिका
१६) विपन्न दलित समुदायका बालबालिका
१७) परिवारबाट अलगिगएका, एक्लिएका वा विछोडिएका बालबालिका
१८) अति विपन्न बालबालिका भन्नाले बालबालिकाको अभिभावक वा संरक्षकको कुनै पनि रोजगारीको स्रोत नभएको र अति विपन्न भनी सम्बन्धी वडा कार्यालयले सिफारिस गरिदिएका बालबालिका,
१९) असहाय भन्नाले बालबालिकाको आफ्नै अभिभावक वा संरक्षक वा रेखदेख गर्ने कुनै पनि व्यक्ति नभएको भनी सम्बन्धित वडा कार्यालयले सिफारिस गरिदिएका बालबालिका,
२०. नगरपालिकाले तोकेका अन्य बालबालिका ।

**१४. निवेदन दिन सक्ने :** यस कार्यविधिको दफा १३ मा उल्लेख गरिएका बालबालिकाहरूको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी यस नगरपालिकामा बसोबास गर्ने जोसुकै सरोकारवाला/व्यक्तिले वडा कार्यालयमा बालबालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**१५. खाताको सञ्चालन :** बालबालिका कोषको खाता सञ्चालन यस कार्यविधिको दफा ९ (ख) मा उल्लेखित समितिको सिफारिस/निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख सहितको २ वा ३ जना बाट गरिनेछ ।

**१६. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

**१७. कोषको रकम फ्रिज नहुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१८. अन्य खर्च :** कोषको सञ्चालक समितिले आवश्यक ठानेका मसलन्द खर्च तथा बालउद्धार गर्ने क्रममा हुने यातायात खर्च गर्न सक्नेछ ।

**१९. प्रतिवेदन पेश गर्ने :**

(१) समितिले आफूले गरेको कार्यको अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

**२०. अभिलेख राख्ने :** समितिले आफूले गरेको काम कारबाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२१. निर्देशन दिन सक्ने:**

(१) नगरसभाले बालबालिका कोष संचालक समितिलाई काम कारबाहीको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु कोष संचालक समितिको कर्तव्य हुनेछ ।

**२२. अधिकार प्रत्यायोजन :** समितिले यस निर्देशिका बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिका सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्ने छ ।

**२३. कार्यविधिको व्याख्या तथा संशोधन :** यस कार्यविधिमा भएका व्यवस्थाहरूमा कुनै विवाद आएमा सञ्चालक समितिको व्याख्या नै अन्तिम निर्णय हुनेछ साथै संशोधन आवश्यक भएमा सञ्चालक समितिले साझेदार संघसंस्था र सरोकारवाला पक्षहरूसँग छलफल गरी उनीहरूको सहमतिमा संशोधन गर्न सकिनेछ ।

**२४. कोष खारेज हुन सक्ने अवस्था :** कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरू सहित सञ्चालक समितिको निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकाको अगुवाईमा बाल हितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**२५. संशोधन बचाउ तथा खारेजी :** यो कार्यविधि नगर कार्यपालिकाले आवश्यक्तानुसार जुनसुकै बेला संशोधन वा खारेज गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**२६. बाधा अड्काउ फूकाउने :** यस कोषको प्रयोग, कार्यान्वयन तथा सञ्चालन गर्ने कार्यमा कुनै बाधा अड्काउ परेमा नगर बालबालिका कोष संचालक समितिले बाधा अड्काउ फुकाउनेछ ।

**२७. "विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि सहयोग गर्ने प्रक्रिया"**

क)

१. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क वडा तथा नगर बाल अधिकार समिति वा वडा संरक्षण समितिले संकलन, अभिलेखीकरण र अध्यावधिक गर्नेछ ।

२. वडा तथा नगर बालसंरक्षण समितिले कुनै बालक वा बालिका अति जोखिम अवस्थामा रहेको कुराको सिफारिस गर्नेछ र यसै सिफारिसको आधारमा उक्त बालक वा बालिकाका सम्बन्धमा दफा ५ ((ख) बमोजिमको समितिले छलफल गरी निर्णयलाई सहयोग प्रदान गरिनेछ ।

३. यस्ता विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सहयोगका लागि प्रत्येक वर्ष नगरपालिकाले निश्चित रकम छुट्याउने छ । यसका साथै विभिन्न दातृ निकायसँग समन्वय गरी स्रोत जुटाउनका लागि पहल गर्नेछ ।

४. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सकेसम्म समुदायमै संरक्षणमा राखेर सहयोग गरिनेछ । यसरी समुदायमै संरक्षणमा राख्दा एक जना संरक्षक पहिचान गरिनेछ ।

५. यसरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षकत्व प्रदान गर्ने जिम्मेवारी लिएका संरक्षकले निम्न प्रकार प्रतिवद्धता जनाएको लिखित कागजमा हस्ताक्षर गर्नु पर्नेछ ।

६. यसरी विशेष संरक्षणको आवश्यकता भएका बालक वा बालिकाको संरक्षकत्वको जिम्मेवारी लिने र निज बालक वा बालिकाको पढाइलाई नियमित रुपमा सञ्चालन गर्ने कुरामा निम्न बमोजिमको प्रतिवद्धता पत्रमा हस्ताक्षर व्यक्तिलाई वडा तथा नगर बाल संरक्षण समितिको सिफारिसमा नगरपालिकाले उक्त बालक वा बालिकाको संरक्षकत्व प्रदान गरे बापत तोकिएको आर्थिक सहयोग प्रदान गरिनेछ ।

**संरक्षकको प्रतिवद्धता पत्रको नमुना**

श्री ............................ज्यू,
नगर बाल अधिकार समिति, जलेश्वर , महोत्तरी

**विषय : प्रतिवद्धता पत्र**

महोदय,
उपर्युक्त सम्बन्धमा यस जलेश्वर नगरपालिका वडा नं. ... टोल ................मा बस्ने श्री ..................................... तथा श्री .............................का छोरा/छोरी हाल मेरो संरक्षकत्वमा बस्दै आएका विशेष संरक्षणको आवश्यकता भएका ....वर्षका ........................बालक/बालिकालाई म समुदायमै राखेर संरक्षकत्व प्रदान गर्न राख्न मन्जुर छु र मेरो संरक्षकत्वमा रहुन्जेल म निजको विद्यालयको पढाइलाई निरन्तरता दिने काममा सहयोग गर्नेछु भन्ने कुरामा प्रतिवद्धता जनाउदछु ।

संरक्षक
हस्ताक्षर........................
नाम ...............................
जलेश्वर नगरपालिका वडा नं. ........... टोलको नाम................मिति........................
:................................

प्रमुख प्रशासकीय अधिकृत

जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
२०७३

ख)

**बालबालिका अक्षय कोष स्थापनाका लागि प्रक्रियाहरु**

१. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क हेरी तत्काल सहयोगका लागि जलेश्वर नगरपालिकाले **यसै कोष अन्तर्गत दफा ४ को उपदफा २ बमोजिम निश्चित रकमलाई स्यायी अक्षय कोषको** रुपमा यसै समितिको रहोबरमा सञ्चालन गरिनेछ ।

## अनुगमन,मूल्यांकन र विविध

**२८) अनुगमन व्यवस्था**

(क) यस कोषको कार्य प्रगति र प्रभावकारिताका सम्बन्धमा बालबालिका कोष सञ्चालक समिति अथवा नगर परियोजना सल्लाहाकार समिति, नगरपालिकाको अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

(ख) अनुगमनको क्रममा दिईएको निर्देशन र पृष्ठपोषणलाई सम्बन्धित निकायले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(ग) अनुगमनमा देखिएका पृष्ठपोषणलाई मूल्यांकनको आधार समेत बनाईनेछ ।

घ) अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको जाँचबुझ गर्न अनुसूचि १ को प्रयोग गर्न सकिने छ ।

## अनुसूचि-१

### विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको जाँचबुझ फारम

बालबालिकाको नाम:
ठेगाना:
संरक्षकको नाम:
संरक्षकको मोबाइल नम्बर
उजुरी गर्ने वा सूचना दिनेको नाम:
बालबालिकाको अवस्था:

| क्र.सं. | विवरण | ठीक चिन्ह लगाउने | कैफियत |
|---|---|---|---|
| १. | आमाबुबा दुवै नभएको | | |
| २. | आमा वा बुबा मध्ये एक जना नभएको | | |
| ३. | आमाबुबा दुवै अपांग रहेको | | |
| ४. | बालबालिका आफैं पनि अपांग रहेको | | |
| ५. | बालबालिकाको तुरन्त उपचार गर्नु पर्ने अवस्था | | |
| ६. | बालबालिकाका विद्यालयबाट बाहिर रहेको | | |
| ७. | बालबालिकाको दैनिक जीवन कठिन अवस्थामा | | |
| ८. | बालबालिकाका कठिन काम गरिरहेको | | |

प्रमुख प्रशासकीय अधिकृत

जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ९. | बालबालिका बेचविखनमा परेको | | |
| १०. | बालबालिकाको बाल विवाह हुन लागेको | | |
| ११. | बालबालिका यौन शोषणमा परेको | | |
| १२. | बालबालिकाले शारीरिक तथा मानसिक सजाय घर वा विद्यालयमा पाएको | | |
| १३. | बालबालिकाका हराईरहेको | | |
| १४. | बालबालिका बेबारिसे अवस्थामा भेटिएको | | |
| १५. | अन्य.................................................. | | |

बालबालिकासँग संरक्षकको नाता :

बालबालिकाको संरक्षकको अवस्था :

जग्गा : १) घडेरी .........विगा..........कठ्ठा...........धुर..........

२) खेतबारीः .........विगा..........कठ्ठा...........धुर..........

घरः १) पक्की २) कच्ची

संरक्षकको परिवारमा जागिरेको संख्याः

**बालबालिकाको आवश्यकताः**

| क्र.सं. | विवरण | समय सीमा | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

सूचना लिने व्यक्तिः

मोबाइल नं.

प्रमुख प्रशासकीय अधिकृत